**“सहकारी सस्थामा सुदृढीकरण तथा व्यवसाय प्रवर्द्धनका लागि व्यवस्थापन”**

विषयक दुई दिनको जिल्लास्तरीय व्यवस्थापकहरुको कार्यशाला गोष्ठीको अवधारणा पत्र

## १. भूमिका

सहकारी मोडल व्यवसाय आजको आवश्यकता बनेको छ । पर्यावरण मैत्री र सामाजिक समावेशी अर्थव्यवस्थामार्फत उत्कृष्ट विश्व निर्माणका लागि सहकारी मोडेलको विकल्प नरहेको अर्थशास्त्रीहरूले समेत औंल्याइसकेको छ । विश्वमा सहकारी अभियानले उचाई चुम्न सफल भइसकेको सन्दर्भमा नेपालको आर्थिक समृद्धिका लागि निजी तथा सार्वजनिक क्षेत्रसँगसँगै सहकारी मोडेलको अर्थतन्त्रलाई अवलम्बन गर्नुको विकल्प छैन ।

नेपालको संविधान, २०७२ ले समेत सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकासमार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने परिकल्पना गरेको सन्दर्भमा यस क्षेत्रको योगदानलाई थप वृद्धि गर्नका लागि बदलिंदो परिवेश अनुरूप नविन प्रविधिलाई अवलम्बन गर्दै यस क्षेत्रको प्रवर्द्धन गर्न आवश्यक छ । हाल वित्तीय क्षेत्रमा करिव २१ प्रतिशत र कुल ग्राहस्थ उत्पादनमा ४ प्रतिशत भन्दा माथि सहकारीक्षेत्रको योगदान रहेको अनुमान गरिएको छ । राज्यभर संचालित विभिन्न प्रकृतिका सहकारी संघ संस्थाको शेयर पुँजी रु. ६३ अर्व पुगेको छ भने बचत निक्षेप रु. २०२ अर्व र लगानी रु. १८८ अर्व पुगेको छ । क्षेत्रले ५७,८५४ विभिन्न तहको जनशक्तिलाई प्रत्यक्ष रोजगारी उपलब्ध गराउने काम गरेको छ भने अप्रत्यक्ष रुपमा विभिन्न पेशा, उद्योग, व्यापार, सेवा र व्यवसाय मार्फत लाखौं व्यक्तिहरुलाई रोजगारी दिने र बैदेशिक रोजगारीमा समेत पहुँच विस्तार गर्ने काम गरेको छ । यस क्षेत्रको योगदानलाई दिगो बनाउन समग्र सहकारी संघ/संस्थाहरूमा व्यवस्थापनको प्रवर्द्धन र सुदृढीकरण गर्न जरूरी रहेको छ । यसका लागि राष्ट्रिय, केन्द्रीय तथा जिल्लास्तरीय सहकारी संघहरूको भूमिकामा वृद्धि गर्नुपर्ने देखिन्छ ।

सहकारी अभियानको प्रवर्द्धनका लागि सहकारीमैत्री कानुन निर्माणका लागि पैरवी गर्ने, बदलिँदो परिस्थितिलाई आत्मसात गरी सहकारी क्षेत्रका चुनौतीहरूलाई चिर्दै अवसरहरूको खोजी गर्ने, सहकारीक्षेत्रका समस्याहरूको समाधानार्थ सरोकारवाला निकायहरूवीचको सम्वाद अघि वढाउने, प्रविधि अवलम्वन गर्न पहल गर्ने, अन्तर्राष्ट्रिय अनुभव साटासाट लगायतका विविध क्रियाकलापहरू संघले संचालनगर्दै आइरहेको छ । त्यस्ता प्रयासहरूले सहकारी अभियानको प्रवर्द्धनमा थप मद्दत पुगेको महशुस गरिएको छ ।

मुलुकको सहकारी संघ संस्थाको सुदृढिकरण तथा व्यवसाय प्रवर्द्धनका लागि व्यवस्थापनको भुमिका महत्वपूर्ण रहेकोछ । सहकारीमा आवद्ध मानव स्रोत साधनको दक्षता र पेशागत क्षमता अभिवृद्धिले मात्र सहकारी संस्थाले तय गरेका निर्धारित लक्ष्य हासिल गर्ने कार्य गर्दछ । सहकारी क्षेत्रमा देखिएको मानव स्रोत साधन व्यवस्थापनमा देखिएका समस्याहरुको समाधानार्थ कार्यक्रमहरु आयोजना गर्नु संघको कार्य हो । यस कुरालाई मनन गरी नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघले पहिलो चोटी व्यवस्थापकहरुको सेमिनार साकोस मेनेजर क्लबको सहकार्यमा सन २०१३ मा र साकोस व्यवस्थापक

प्रमुखहरुको राष्ट्रिय गोष्ठी २०७२ चैत्र १८ र १९ गते होटल सोल्टी क्राउन प्लाजा, काठमाण्डौंमा सम्पन्न गरियो । राष्ट्रिय सहकारी बैंकले पनि २०७३ मंसिर १६ र १७ गते व्यवस्थापक प्रमुखहरुको राष्ट्रिय कार्यशाला गोष्ठी आयोजना गरियो । यस्ता कार्यक्रमलाई जिल्ला जिल्लामा पनि आयोजना गरी प्रारम्भिक संस्थाहरुको मानव स्रोत साधनलाई प्रबर्द्धन तथा विकास गर्नुपर्ने आवश्यकतालाई महशुस गरी संघले **"सहकारी संस्थामा सुदृढीकरण तथा व्यवसाय प्रवर्द्धनका लागि व्यवस्थापन"** विषयमा दुई दिने जिल्लास्तरीय व्यवस्थापकहरुको कार्यशाला गोष्ठीको आयोजना गरिएको छ ।

## २. उद्देश्य

यस गोष्ठीका उद्देश्यहरू देहाय वमोजिम पहिचान गरिएका छन् ।

क) सहकारी संघ संस्थाहरूलाई मानव स्रोत साधनका समस्या पहिचान गरी समाधनको उपायहरु पहिचान गरी सहकारी व्यवसायिक वनाई दिगो रूपमा संचालन गर्ने,

ख) दक्ष मानव स्रोत विकासमा सहकारी संघ/संस्थालाई क्रियाशिल गराउने,

ग) सहकारी संघ/संस्थामा मानव स्रोत साधनको व्यवस्थापन र ढाँचा निर्माणमा क्षेत्र कायम गराउने,

घ) सहकारी संघ/संस्थाहरूलाई वदलिदो परिवेश अनुरूप नविन प्रविधिको प्रयोगका लागि प्रोत्साहित गर्ने,

ङ) सहकारी संघ/संस्थामा दक्ष जनशक्तिलाई आकर्षित गर्दै उनीहरूको पहुँच अभिवृद्धि गर्ने,

च) सहकारी अभियानको प्रवर्द्धन र सुदृढीकरणका लागि व्यवस्थापनको साझा प्रतिवद्धता घोषणा गर्ने,

## ३. कार्यक्रमको शीर्षक

सहकारी संस्थामा सुदृढीकरण तथा व्यवसाय प्रवर्द्धनका लागि जिल्लास्तरीय कार्यशाला गोष्ठी

## ४. अवधि

मिति : २०७३ फागुन ६ र ७ गते

स्थान : राष्ट्रिय क्षयरोग केन्द्रको तालिम हल, शंखधर चोक, भक्तपुर

## ५. सहभागी

क) संघमा आबद्ध सदस्य संस्थाहरुका प्रबन्धक/व्यवस्थापकहरु –५०

ख) संघमा आबद्ध सदस्य संस्थाहरुका अधिकृत स्तरका कर्मचारीहरु २५

ग) भक्तपुर जिल्ला सहकारी संघका व्यवस्थापक १ जना

घ) भक्तपुर डिभिजन सहकारी कार्यालयका प्रमुख १ जना

ङ) भक्तपुर जिल्ला कृषि सहकारी संघका व्यवस्थापक– १ जना

च) भक्तपुर जिल्ला दुग्ध उत्पादक संघको व्यवस्थापक १ जना

छ) भक्तपुर जिल्ला बहुउद्देशीय संघको व्यवस्थापक १ जना

## ६. कार्यक्रमको कार्यप्रणाली

पहिलो दिन

| समय | विवरण | सहर्जकता |
|---|---|---|
| बिहान ८ बजे | उपस्थिति तथा चिया नास्ता | |
| बिहान ९ बजे | उद्घाट्न | |
| बिहान ९ :३० बजे | साकोसमा मानव स्रोत साधनको अवस्था : विगत, वर्तमान र भविष्य | |
| बिहान ११:०० बजे | प्रस्तुती माथी छलफल तथा अर्न्तक्रिया | |
| बिहान ११:३० बजे | साकोस अभियानमा मानव स्रोत साधनको भुमिका | |
| दिउँसो १ बजे | प्रस्तुती माथी छलफल तथा अर्न्तक्रिया | |
| दिउँसो १:३० बजे | खाना | |
| दिउँसो २:३० बजे | Magic of Excel | |
| दिउँसो ३:३० बजे | ब्रेक | |
| दिउँसो ३:४५ बजे | सफल व्यवस्थापकको अनुभव Sharing | |
| दिउँसो ४:४५ बजे | पहिलो दिनको समापन | |

दोस्रो दिन

| समय | विवरण | सहर्जकता |
|---|---|---|
| बिहान ८ बजे | उपस्थिति तथा चिया नास्ता | |
| बिहान ९ बजे | मावव स्रोत साधनको प्रभावकारी व्यवस्थापन | |
| बिहान १० :३० बजे | प्रस्तुती माथी छलफल तथा अर्न्तक्रिया | |
| बिहान ११:०० बजे | व्यवस्थापन र संचालक समिति विचको सम्बन्ध | |
| दिउँसो १२:३० बजे | प्रस्तुती माथी छलफल तथा अर्न्तक्रिया | |
| दिउँसो १:०० बजे | खाना | |
| दिउँसो २:०० बजे | Introduction of Advance Technology for work friendly | |
| दिउँसो ३:०० बजे | ब्रेक | |
| दिउँसो ३:१५ बजे | सफल व्यवस्थापकको अनुभव Sharing | |
| दिउँसो ४ बजे | कार्यक्रम समापन | |

## ७.उपलब्ध हुने सुविधा

क) ब्रेकफास्ट

ख) दिवाभोजन

ग) चिया/कफी

घ) स्टेशनरी, व्यग र HandsOut, प्रमाण पत्र

**८. आयोजक**

१) भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि. भक्तपुरको सहकारी समन्वय उपसमिति

**१०. सहयोगी निकायहरू**

१) अनौपचारिक समुह : व्यवस्थापकहरुको समुह, भक्तपुर

२) आवद्ध सहकारी संस्थाहरू

३) सम्बन्धित निकाय

**१०. खर्चको स्रोत**

भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि., सहभागी सदस्य संस्थाहरु तथा अन्य सहयोगी निकायहरू

**११. स्रोत व्यक्ति**

- सहकारी क्षेत्रका विज्ञहरू
- अन्तर्राष्ट्रिय क्षेत्रका सहकारीका व्यक्तित्वहरू

**१२. प्रतिवेदन**

कार्यक्रमको समाप्तिपछि विस्तृत प्रतिवेदनको तयारी गरिने ।

**१३. अपेक्षित उपलव्धीहरू**

१) सहकारी संघ/संस्थाहरूमा मानव स्रोत साधनको वर्तमान अवस्था र भावी कार्यदिशा वोध हुने,

२) नविन प्रविधि उपयोग गर्दै अन्य नीजि क्षेत्रका संस्थाहरूसँग प्रतिस्पर्धि वन्न सक्ने,

३) सहकारी संघ/संस्थाहरूको संचालक र व्यवस्थापन वीच राम्रो सम्वन्धको विकास हुने,

४) सहकारी संघ/संस्थाहरूको व्यवसायिक सुदृढीकरण तथा प्रवर्द्धनमा व्यवस्थापनको भुमिकाको विकासमा सहयोग पुग्ने,

५) सहकारीमा मानव स्रोत साधनको विकास र सुदुढीकरणमा बल पुग्ने,

६) सहकारीको व्यवस्थापन पक्षको पेशागत क्षमता अभिवृद्धिमा टेवा पुग्ने,

७) भक्तपुरको सहकारी अभियानको सुदृढीकरणका लागि बल पुग्ने ।

**१४. बजेट**

कार्यशाला गोष्ठी कार्यक्रमको लागि रु. २६०,०००। (दुई लाख साठी हजार) रहनेछ । उक्त बजेटको व्यवस्था सहभागी र संघ /संस्थाबाट जुटाउनेछ ।